# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २१२ | काठमाडौं | मंगलबार, १६ मंसिर २०८२ | Prabhab National Daily | Tuesday, 02 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


कांग्रेसको १५ औं महाधिवेशन पुसमा

## विशेष महाधिवेशन पक्षधर सशंकित

### यस्तो छ कार्यतालिका

- गाउँ, नगर वडा अधिवेशन - पुस १६
- गाउँ, नगरपालिका अधिवेशन - पुस १७
- प्रदेशसभा क्षेत्रीय अधिवेशन - पुस १९
- एक मात्र क्षेत्र भएको जिल्ला - पुस २१
- एकभन्दा बढी क्षेत्र भएको जिल्ला - पुस २२
- प्रदेश अधिवेशन - पुस २३ र २४
- केन्द्रीय महाधिवेशन - पुस २६-२८



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** लामो रस्साकस्सीपछि नेपाली कांग्रेसले आफ्नो महाधिवेशनका कार्यतालिकामा बल्ल सहमति जुटेको छ। सोमबार ललितपुरको सानेपास्थित केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले पार्टीको १५ औं महाधिवेशन पुस २६ देखि २८ गतेसम्म काठमाडौं गर्ने निर्णय गरेको हो।

असोज २८ गतेबाट शुरु भएको केन्द्रीय समितिको बैठक पटकपटक सर्दै सोमबार निर्णयमा पुगिएको पार्टीका प्रवक्ता डा प्रकाशशरण महतले बताए। 'कांग्रेसको १५औं महाधिवेशन पुस २६ गतेबाट काठमाडौंमा गर्ने प्रस्ताव कार्यवाहक सभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको थियो। यो प्रस्वात सर्वसम्मत रूपमा पारित भयो,' प्रवक्ता महतले भने।

केन्द्रीय महाधिवेशन तयारी प्रक्रियाअन्तर्गत यही मङ्सिर २० गतेभित्र क्रियाशील सदस्य वितरण गर्नेगरी कार्यतालिका स्वीकृत भएको भएकोसमेत उनले बताए। 'मङ्सिर २४ गतेसम्म क्रियाशील सदस्यता नवीकरण टुङ्गोमा पुऱ्याउने र पुस ८ गतेसम्म नयाँ क्रियाशील सदस्यसम्बन्धी सबै काम सम्पन्न गर्ने तालिका तय भएको छ, नयाँ क्रियाशील सदस्य वितरणमा समावेशी, युवा तथा पार्टीमा प्रवेश गरेकालाई समेट्ने निर्णय भएको छ', महतले भने।

पार्टीको निर्णयअनुसार आगामी पुस १५ गतेभित्र जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गर्ने, पुस १६ गते गाउँ तथा नगर वडा अधिवेशन, पुस १७ गते गाउँ तथा नगरपालिका अधिवेशन, पुस १९ गते प्रदेश क्षेत्रीय अधिवेशन, पुस २१ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको समेत अधिवेशन हुने भएको छ।

त्यस्तै पुस २२ गते एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको अधिवेशन तथा पुस २३ र २४ गते सातै प्रदेश अधिवेशन गर्ने निर्णय भएको छ। यसैगरी आजको बैठकले यही मङ्सिर २३ गतेदेखि सकिने केन्द्रीय समितिको म्याद माघ महिनाको अन्त्यसम्म थप गर्ने निर्णय गरेको प्रवक्ता डा महतले जानकारी दिए।

### विशेष महाधिवेशनबारे दुईथरी मत

कांग्रेसमा समयमै महाधिवेशन नगर्ने देखिएपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाएका थिए। विशेष महाधिवेशनका लागि ५४ प्रतिशत हस्ताक्षर पनि जुट्यो। कांग्रेसका महामन्त्री थापा कुनै पनि हालतमा विशेष महाधिवेशनबाट पछि नहट्ने बताएका थिए।

तर अहिले नियमित महाधिवेशन नै तोकेपछि विशेष महाधिवेशनको औचित्य सकिएको छ। कांग्रेस प्रवक्ता महतका अनुसार अब विशेष महाधिवेशनको मागको औचित्य सकिएको हो। 'पुसमै महाधिवेशन भएपछि विशेष महाधिवेशनको आवश्यकता नै परेन। मूल कुरो अधिवेशन समयमा हुनुपऱ्यो भन्ने माग थियो हस्ताक्षरकर्ताहरूको पनि,' महतले भने, 'अब विशेष त स्वतः निष्क्रिय हुन्छ। विशेष महाधिवेशन के का लागि, कसरी गर्ने भन्ने अन्योलमा छ।

क्रमशः पृष्ठ २ मा

## कार्की सरकारको निर्णयमा सर्वोच्चको शृङ्खलाबद्ध अंकुश

- भूमि आयोग र तिनका जिल्ला कार्यालयहरु खारेज गर्ने निर्णय बदर
- राजदूत फिर्ता गर्ने निर्णय कार्यान्वयनमा अन्तरिम आदेशमार्फत् रोकावट

**■ जेबी योञ्जन**



सोमबारमात्रै भूमि आयोग र त्यसका जिल्ला कार्यालयहरु खारेज गर्ने कार्की सरकारको निर्णय बदर भएको छ

**काठमाडौं–** जेन-जी समर्थित सुशीला कार्की सरकारको एकपछि अर्को निर्णयमा न्यायालयले अंकुश लगाइदिएको छ। यसले पूर्वप्रधानन्यायाधीश समेत रहेकी प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्बाट गर्ने निर्णय बेरित र विधिसम्मत नभएको देखाउँछ, जबकि कार्की नागरिकको हैसियतमा छँदा विधिको शासनको खरो वकालतकर्ता थिइन्।

तर, २३ र २४ भदौको जेन-जी प्रदर्शनपछि अप्रत्याशित रूपमा प्रधानमन्त्री बनेकी कार्कीको सरकारले गरेका महत्वपूर्ण निर्णयहरू सर्वोच्च अदालतबाट शृङ्खलाबद्ध बदर भइरहेका छन्। सोमबार मात्रै भूमि आयोग र त्यसका जिल्ला कार्यालयहरू खारेज गर्ने कार्की सरकारको निर्णय बदर भएको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले खारेजको निर्णय बदर गरेको सर्वोच्चका प्रवक्ता तथा सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले प्रभावलाई जानकारी दिए।

सर्वोच्चले निर्णय बदर गरेसँगै आयोगका तत्कालीन अध्यक्ष हरिप्रसाद रिजालसहितका केन्द्रदेखि ७७ जिल्लाकै पदाधिकारी काममा फर्किने भएका छन्। गत २३ असोजमा कार्की सरकारले भूमि आयोग र त्यसका कार्यालयहरू विघटन गर्ने निर्णय गरेको थियो। लगत्तै अध्यक्ष रिजाल सर्वोच्च अदालत पुगेका थिए। रिटमा उनले कुनै स्पष्टीकरणको मौका नै नदिई आयोग नै खारेज गरेको जिकिर गर्दै बदरको माग गरेका थिए।

भूमि आयोग खारेज हुँदा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान गर्ने, जग्गा दिने प्रक्रिया अघि बढाउने लगायतका कामहरू रोकिएका थिए।

भूमि मन्त्रालयको तथ्याङ्कअनुसार ३ असोज २०७२ मा संविधान जारी भएदेखि यता ८ हजार ८४८ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका छन्। तर, अझै करिब तीन लाख भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान भइसकेको छैन। आयोग विघटनपछि जग्गा प्राप्ति प्रक्रिया ठप्प भएको थियो, जसबाट उनीहरू निराश थिए।

भूमि समस्या सँधैका लागि समाधान गर्ने भनेर १३ कात्तिक २०८१ मा रिजाल नेतृत्वमा भूमि समस्या समाधान आयोग गठन भएको हो। आयोगले देशभरका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीका नाममा जग्गा दर्ता एवं जग्गा प्राप्तिको अन्तिम पटकको अवसर भन्दै काम तीब्र गतिमा अघि बढाएको थियो।

आयोगका विज्ञ सदस्य जगत बस्नेतका अनुसार लगत संकलन, सत्यापन र प्रमाणीकरणजस्ता काम भइरहेको थियो। त्यसबाहेक भूमिहीन र अव्यवस्थित बसोवासीलाई जग्गा व्यवस्थापनको काम पनि भइरहेको थियो। भूमि आयोगमा अद्यावधिक भएको पछिल्लो विवरणअनुसार ८८ हजार ८९५ भूमिहीन दलित, १ लाख ६८ हजार ४४१ भूमिहीन सुकुम्वासी र ८ लाख ७२ हजार १८१ अव्यवस्थित बसोबासीको निवेदन स्थानीय तहबाट प्रमाणीकरण भई आयोगको सूचना प्रणालीमा प्रविष्टि भएको छ। तर, गत असोजको तेस्रो साता कार्की सरकारले आयोग र त्यसका जिल्ला कार्यालयहरू विघटन गर्ने निर्णय गऱ्यो, जुन सोमबार बदर भयो।

कार्की सरकारले गरेको निर्णयमा सर्वोच्चले अंकुश लगाएको यो पहिलोपटक होइन। यसअघि राजदूतहरू फिर्ता बोलाउने निर्णयलाई अन्तरिम आदेशमार्फत् अदालतले रोकिदिएको थियो। असोज ३० मा कार्की मन्त्रिपरिषद्ले गरेको निर्णयमा फिर्ता बोलाइएका राजदूतहरूको पदावधि बाँकी नै रहेको, बोलाउनुपर्ने कारण मन्त्रिपरिषद्को निर्णयमा नदेखिएको, नयाँ नियुक्ति सम्बन्धमा कुनै कार्य भए गरेको भन्ने अवस्था पनि नदेखिएको भन्दै सर्वोच्चले हाललाई उक्त निर्णय कार्यान्वयनमा रोक लगाएको हो।

सर्वोच्चले त्यसबेला तत्कालीन केपी शर्मा ओली सरकारले एकै मितिमा नियुक्त गरेका १७ जनामध्ये ११ जना राजदूतलाई पदमुक्त गर्दा त्यसको आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारण समेत निर्णयमा नखुलाइएको औंल्याएको थियो।

उसो त नयाँ सरकार गठनपछि अघिल्लो सरकारले नियुक्त गरेका राजदूतहरू फिर्ता बोलाउने गरिन्छ। कार्की सरकारले पनि त्यसै गरेको हो। तर, अदालतले आवश्यकता र औचित्य पुष्टि नभएको भन्दै सरकारको निर्णय कार्यान्वयनमा रोक लगायो। सरकारले भने अदालतको अन्तरिम आदेश कार्यान्वयन गर्न अरुचि देखाएको छ। त्यसविरुद्ध सर्वोच्चमा प्रधानमन्त्री कार्कीविरुद्ध अदालतको अवहेलना मुद्दा दर्ता भइसकेको छ।

सन्दर्भः वैदेशिक रोजगार

## कुवेतमा एकल पुरूष कामदारलाई नयाँ आवासीय क्षेत्र

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** कुवेतको जलीब अल-शुईउख क्षेत्रमा ६७ वटा पुराना भवन भत्काइएपछि वैदेशिक रोजगारीका लागि पुगेका एकल पुरुष कामदार निजी आवासीय क्षेत्रहरूमा बस्न थालेका छन्। त्यहाँका स्थानीय अधिकारीहरूका अनुसार त्यस्ता कामदार नजिकका निजी आवासीय क्षेत्रहरू खैतान, अल-फिर्दौस, अल-अन्दालुस, अल-राबिया र अल-ओमारीयालगायत ठाउँमा स्थानान्तरण भएका हुन्।

यस परिवर्तनले त्यहाँको सरकारलाई एकल पुरुषहरूका लागि निर्दिष्ट नगरिएका क्षेत्रमा बसोवास गर्ने बढ्दो प्रवृत्तिलाई नियन्त्रण गर्ने सहयोग पुऱ्याएको जनाइएको छ। यसले कुवेती नागरिकको सुरक्षा र सहजताको सुनिश्चित गर्ने भनिएको छ।

यही कदमको अंशको रूपमा, कुवेतका नगरपालिकाले उक्त नियम उल्लङ्घन गरेको छ/छैन भनेर निरीक्षणलाई तीव्र बनाएको जनाइएको छ। उक्त कार्य आन्तरिक मन्त्रालयको समन्वयमा विशेष गरी खैतान क्षेत्रमा तीव्र परिएको अधिकारीहरूले जनाएका छन्।



जलीब अल-शुईउख क्षेत्रमा ६७ वटा पुराना भवन भत्काइएपछि कामदारहरु नजिकका निजी आवासीय क्षेत्रहरु खैतान, अल-फिर्दौस, अल-अन्दालुस, अल-राबिया र अल-ओमारीयालगायत ठाउँमा स्थानान्तरण भएका हुन्

इन्जिनियर मोहम्मद अल-जलावी, ब्याचलर समितिका रिपोर्टर तथा यो प्रावधान अगाडि बढाउन जिम्मेवारी पाएकाहरूले मुलुकका नगरपालिका र उर्जा तथा जलस्रोत मन्त्रालयको न्यायिक नियन्त्रण टोलीसँग सहकार्य गर्दै खैतान क्षेत्रमा गहन निरीक्षण अभियान अगाडि बढाइरहेका छन्। यसमा गृह मन्त्रालयले पनि समन्वय गरिरहेको जनाइएको छ।

खैतानमा गरिएको निरीक्षण अभियानका अधिकारीहरूका अनुसार नियम उल्लङ्घन गर्ने पुरुषहरूले बसोबास गरेका १४ वटा आवासबाट बिजुली काटिएको छ। यससँगै सोही प्रकारको उल्लङ्घन गरेका अन्य ३४ सम्पत्तिहरूलाई सचेतनामूलक सूचना जारी गरिएको छ।

अधिकारीका अनुसार विशिष्ट क्षेत्रीय टोलीलाई व्यक्तिगत आवासीय छिमेकहरूमा अविवाहितहरूको बासस्थान सम्बन्धि गतिविधि निरन्तर अनुगमन गर्न परिचालन गरिएको छ। टोलीले घुम्ती निरीक्षण गरिरहेको बुझिएको छ। निरीक्षण बढाएर यस प्रचलनलाई पहिला न्यूनिकरण गर्ने र अन्ततः पूर्ण रूपमा हटाउने सरकारको निर्देशन रहेको बुझिन्छ। आवासीय नियम बढी उल्लङ्घन भएका क्षेत्रहरूमा खैतान, अल-फिर्दौस, अल-एन्डालुस, अल-राबिया, र अल-ओमारिया रहेको भनिएको छ। हालसालै मात्र, स्थानीय बासिन्दालाई असहज पार्ने गतिविधि गर्ने र उक्त क्षेत्रको जीवनस्तर घटाउने नकारात्मक व्यवहारहरू प्रदर्शन गरेको पाइएपछि निरीक्षकहरूले अल-राबियामा १८ चेतावनीहरू जारी गरेको जनाइएको छ।

## समानुपातिक निर्वाचनको प्रक्रिया बढ्यो

- समानुपातिक निर्वाचन अधिकृतको कार्यालय स्थापना
- मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृतसहित ४१ कर्मचारी
- सिंगो देशलाई एउटा निर्वाचन क्षेत्र मानेर समानुपातिक निर्वाचन

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले सिंगो देशलाई एउटामात्रै क्षेत्र मानेर गर्ने समानुपातिकतर्फको निर्वाचन प्रक्रिया अघि बढाएको छ। आयोगले त्यसका लागि कान्तिपथस्थित आयोगकै बहादुर भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ।

सचिव महादेव पन्तलाई मुख्य निर्वाचन अधिकृत र सहसचिव यज्ञप्रसाद भट्टराईलाई सहायक निर्वाचन अधिकृत तोकेको छ। आयोगका अनुसार त्यहाँ उनीहरूसहित ४१ जना कर्मचारी रहनेछन्।

कार्यालयलाई समानुपातिक तर्फको निर्वाचन सञ्चालन र व्यवस्थापनको कार्यभार रहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। त्यसका लागि समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने, सूचनाअनुसार दलले निवेदन पेस गर्ने, त्यस्ता दलहरूको नामावली प्रकाशन गर्ने, निवेदन फिर्ता लिन सक्नेसम्बन्धी सूचनादेखि जारी गर्नेदेखि दलको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने कार्य कार्यालयले गर्ने उनको भनाइ छ।

त्यसबाहेक दलबाट उम्मेदवारको बन्दसूची लिने, उम्मेदवारको बन्दसूची छानबिन गरी आवश्यकताअनुसार सच्याउन दललाई सूचित गर्ने, बन्दसूची संशोधन गरी पेश गर्न लगाउने र उम्मेदवारी फिर्ता लिन चाहनेबाट निवेदन लिने कार्य पनि निर्वाचन अधिकृतको कार्यालयबाट हुने छ।

यसपछि उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने, योग्यतासम्बन्धी दाबी विरोधको निवेदन लिने, बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र बन्दसूचीको अन्तिम विवरण प्रकाशन गराउनेसँगै मतदान गराउने कार्य पनि कार्यालयको हुनेछ।

क्रमशः पृष्ठ २ मा

### दुई मन्त्रीसँग छलफल

अर्थमन्त्री रामेश्वर खनाल र कानुनमन्त्री अनिलकुमार सिन्हाले कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र आयुक्तहरूसँग निर्वाचन तयारी र सरकारले गर्नुपर्ने सहयोगबारे छलफल गरेका छन्।

छलफलको क्रममा अर्थमन्त्री खनालले निर्वाचनका लागि आवश्यक बजेट व्यवस्था गर्ने प्रतिबद्धता जनाए। मन्त्री सिन्हाले पनि आवश्यक कानुनी सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन हुँदै छ। निर्वाचनको तयारी आयोगले तीब्र पारेको छ। यस्तोमा अर्थमन्त्री खनाल र कानुनमन्त्री सिन्हाले आयोगका पदाधिकारीसँग छलफल गरेका हुन्।

# अनधिकृत गतिविधिबाट बच्न दूतावासको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियास्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणका लागि कागजात अनलाइन प्रणालीमा प्रवेश गरेको भनी नेपालस्थित म्यानपावर व्यवसायीलाई पठाइएको सामग्री आधिकारिक नभएको जनाएको छ । दूतावासले सोमवार एक सूचना जारी गर्दै विभिन्न व्यक्ति तथा समूहले पठाउने गरेको स्क्रिनसट लगायतका सामग्री आधिकारिक नभएको भन्दै सचेत गराएको छ ।

त्यस्तै, मलेसियाको गृह मन्त्रालयले जारी गर्ने केडिएन नम्बरको पनि दुरूपयोग गरेको पाइएको दूतावासले उल्लेख गरेको छ । फर्जी नम्बर देखाइ झुक्याउने तथा आधिकारिक नम्बरलाई सम्पादन गरी विभिन्न व्यक्ति तथा समूहलाई प्रलोभनमा पर्ने गतिविधि गरेको पाइएको सूचनामा भनिएको छ ।

साथै मागपत्र प्रमाणीकरणको कागजात पनि रोजगारदाता कम्पनीलाई जानकारी नगराई अनलाइन प्रणालीमा पेश गरेको पाइएको जनाइएको छ । सूचनामा भनिएको छ, 'मागपत्र प्रमाणीकरण सम्बन्धी कागजात सम्बन्धित रोजगारदाताले नै अनलाइन प्रणालीमा प्रविष्ट गर्नुपर्नेमा अनलाइन प्रणालीको युजरनेम र पासवर्ड अनधिकृत व्यक्तिको पहुँचमा पुग्न गई रोजगारदाता कम्पनीको जानकारी वा सहमतिबिना मागपत्रहरू अनलाइन पेश हुने गरेको ।' यसबाट पर्नसक्ने जोखिमको जिम्मेवार सम्बन्धित व्यक्ति नै हुने भन्दै यस किसिमका कार्यमा संलग्न नहुनसमेत दूतावासले अनुरोध गरेको छ ।

# एड्ससँगै बढ्न थाल्यो यौनरोगको समस्या

**चितवन–** जिल्लामा भएका एचआइभी एड्सका संक्रमितमध्ये यौनरोग संक्रमितको संख्या बढ्दो क्रममा रहेको छ । यहाँ रहेका एचआइभी एड्स संक्रमितमध्ये ३५ जनामा यौनरोग देखिएको पाइएको छ ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा. प्रमोद पौडेलका अनुसार विगत १० महिनामा गरिएको एक हजार ४० जनाको परीक्षणका क्रममा सो संख्यामा यौनरोगी भेटिएको हो । उनीहरूलाई भिरिंगी रोग देखिएको हो । उनका अनुसार असुरक्षित यौन सम्पर्क गर्दा संक्रमितमा यौनरोग बढ्न थालेको हो ।

अस्पतालका अनुसार एड्स संक्रमितमध्ये सात जनामा क्षयरोग देखिएको छ । ९३ जनाको परीक्षणका क्रममा सो संख्यामा यो रोग देखिएको हो । जिल्लामा हाल एक हजार २४३ जना एड्स संक्रमित रहेका छन् । जसमध्ये ३४ जनाले माडीको बघौडा अस्पतालबाट औषधि सेवन गरिरहेका छन् भने एक हजार २०९ जनाले भरतपुरमा रहेको एआरटी सेन्टरबाट औषधि सेवन गर्दै आएका छन् ।

विगत १० महिनामा जिल्लाका विभिन्न स्थानमा गरिएको परीक्षणका क्रममा ६६ जना नयाँ संक्रमित भेटिएको पौडेलले जानकारी दिए । २८५ जनाको परीक्षणका क्रममा सो संख्यामा एड्स संक्रमित भेटिएको उनले बताए । उनका अनुसार यस अवधिमा भरतपुर अस्पतालाको एआरटी सेन्टरमा औषधि सेवनका लागि १०४ जना बिरामी थपिएका छन् । यहाँ थपिएका नयाँ संक्रमितसहित अन्य जिल्लाबाट स्थानान्तरण भएका बिरामीसमेत यहाँबाट सेवा लिने गरेको उनले बताए । भरतपुर अस्पतालमा रहेको एड्स हेल्थ फाउण्डेसनका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाका अनुसार यहाँबाट औषधि खाँदै आएका ६५ जना बिरामी स्थानान्तरण भएका छन् ।

पृष्ठ ४ बाट क्रमशः

## विशेष...

अब अधिवेशन नै भइसकेपछि विशेष अधिवेशनको औचित्य रहँदैन ।' विशेष महाधिवेशन पक्षधरले पुसमा ल्याइएको कार्यतालिकामाथि शंका व्यक्त गर्दै आएका छन् । महामन्त्री शर्माका अनुसार यो कार्यतालिकामा काम नभए स्वत विशेष महाधिवेशन हुने बताउँछन् । 'कसैले सभापतिले भन्नुभयो, महाधिवेशन मिति तोकियो तर हुँदैन भन्ने हो भने स्पष्ट हुनुपर्छ, विशेष महाधिवेशन हुन्छ,' शर्माले भने ।

■■■

## समानुपातिक...

देशभर करिब एक करोड ९० लाख मतदाता छन् । उनीहरूले गरेको मतदानको अन्तिम मतपरिणाम सार्वजनिक यही कार्यालयबाट हुने छ । दलहरूले प्राप्त गरेको सांसद संख्याको टुंगो पनि कार्यालयबाटै हुने गर्दछ ।

समानुपातिक निर्वाचन प्रणालीमा सूत्रात्मक पद्धतिबाट राष्ट्रिय तथ्यांक कार्यालयसमेतको सहयोगमा जातीय, भौगोलिक, लैंगिकलगायतका समूह छुट्याएर प्रतिनिधि चयन गरिन्छ ।

पहिलोपटक २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीलाई अभ्यासमा ल्याइएको थियो । त्यसबेला ६०१ जना संविधानसभा सदस्यमध्ये २४० जना प्रत्यक्षबाट र बाँकी समानुपातिकबाट निर्वाचित भएका थिए । यसपछि दोस्रो संविधानसभा निर्वाचन २०७०, प्रतिनिधिसभा निर्वाचन २०७४ र २०७९ मा पनि समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचन गरिएको थियो । प्रतिनिधिसभा निर्वाचनमा ११० जना समानुपातिक प्रणालीबाट निर्वाचित हुने गरेका छन् । यो प्रणाली प्रदेशसभा निर्वाचनमा पनि कार्यान्वयनमा छ । संविधानमै निर्वाचन प्रणाली मिश्रित अर्थात् प्रत्यक्ष र समानुपातिक हुने उल्लेख छ । विघटित प्रतिनिधिसभाको दुई मुख्य दल कांग्रेस र एमालेको संयुक्त सरकार छँदा समानुपातिक निर्वाचन प्रणाली संविधान संशोधन गरेर हटाउनेबारे बहस चलाएका थिए ।

---

सुदुरपश्चिम प्रदेश सरकार
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली

### कार्यालय भवन मर्मत सम्भार सम्बन्धी ७ दिनको बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०८।१६)

यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी कैलालीको कार्यालय भवन मर्मत सम्भार कार्यको सिलबन्दी बोलपत्रको माध्यमबाट गर्न 01- CM/W/NCB/082/83 को सिलबन्दी बोलपत्रहरूको लागि मिति २०८२/०८/१६ गते www.bolpatra.gov.np/egp मा सूचना आवहान गरिएको छ ।

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८२।०८।२३ गते दिनको १२:०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८२।०८।२३ गते दिनको १:०० बजे |

**सिलबन्दी बोलपत्र पेश गर्ने तरिका**: विधुतिय माध्यमबाट मात्र Electronic Submission Only) विस्तृत जानकारीको लागि www.bolpatra. gov.np/egp मा हेर्नहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रदेश सचिव**

---


## मलेसिया/युएइमा रोजगार

कम्पनी : KONSULTAN KHIDMAT SETIA SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334433 चलानी नं. ६०२४८१२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334323 चलानी नं. ६०२४८१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ५८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason. | 10 | 0 | 1500 | ५८,२५० | | | | | | | |
| 3. | Steel Fixer | 25 | 0 | 1500 | ५८,२५० | | | | | | | |
| 4. | Building Labour | 40 | 0 | 1000 | ३८,८३५ | | | | | | | |
| 5. | Assistant Carpenter | 50 | 0 | 1200 | ४६,६०० | | | | | | | |
| 6. | Steel Fixer Assistant | 50 | 0 | 1200 | ४६,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MHRS MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९


---

रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर, कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/१५

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार विभिन्न योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (पि.एस. आइटम र भ्याट वाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Works/14/2082-083 | Construction of Retaining Wall & R.C.C Road Infront of Chief Administrative Building., Rautamai-2, Bhuttar, Udayapur | 26,14,293.96 | 80,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रू. ३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**

---

Kepilasgadhi Rural Municipality
## Office of Rural Municipal Executive
Baksila, Khotang
Website: kepilasgadhimun.gov.np

### Invitation For E-Bids

Date of publication: 2082/08/16 (2nd Dec, 2025)

Kepilasgadhi Rural Municipality, Office of Rural Municipal Executive, Baksila, Khotang, Nepal invites Sealed Quotation (Electronic Only) from eligible and qualified bidders for the following work under Sealed Quotation procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: http//www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Estimated Amount Exc VAT (Nrs) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 05/KRM/SQ/GOODS/2082/083 | Supply and Delivery of Medicines and Surgical Items | 17th Dec, 2025 12:00 P.M. | 11,21,999.6 | 32000 Nrs | 1000 |

**Chief Administrative Officer**

---

## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८२/०८/१६ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **गोगंबु** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०२/१४ गते नेपाल समाचार पत्रमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना तथा २०८१/१२/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता नगरेको साथै उक्त लिलामी सूचना उपर कुनै प्रकारको बोलपत्रहरु पेश हुन समेत नआएकोल बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र ) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा- २९**
**हालको ठेगाना : का.म.न.पा- २६ सामाखुशी** **दर्ता नं: ५९५**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : राज कुमार लामा (अध्यक्ष तथा जमानीकर्ता )**<br>बाबु : छत्र बहादुर लामा<br>बाजे : पुड्के तामाङ<br>ना प्र नं. ८०५४७<br>ठेगाना :थानसिङ्ग-८, नुवाकोट | **७) नाम : पेम्वा शेर्पा (संचालक तथा जमानीकर्ता)**<br>बाबु : छेटेन शेर्पा<br>बाजे : सुकु शेर्पा<br>ना.प्र.नं : २७२९५९/१४८२/२५५९/४७४९५<br>ठेगाना : का.म.न.पा -२९ |
| **२) नाम : विमला बस्नेत (उपाध्यक्ष तथा जमानीकर्ता )**<br>बाबु: चोप बहादुर खत्रि<br>बाजे : शम्सेर बहादुर खत्रि<br>ना.प्र.नं : ८०९४१<br>ठेगाना : सतिस्वारा -३, तनहु | **८) नाम : ज्ञान बहादुर तामाङ (पुर्व अध्यक्ष )**<br>बाबु : सन्तविर तामाङ<br>बाजे : दर्मेसिंह तामाङ<br>ना प्र नं. ५४४००<br>ठेगाना : बोल्दे फेदिचे -९, काभ्रेपलाञ्चोक |
| **३) नाम : राजु सापकोटा (सचिव तथा जमानीकर्ता)**<br>बाबु : मुक्तिबहादुर सापकोटा<br>बाजे : भवनाथ सापकोटा<br>ना.प्र.नं : ३०१०७३/१५८३७०<br>ठेगाना : पनौती -१, काभ्रेपलाञ्चोक | **९) नाम : बुद्धि बहादुर तामाङ (पुर्व संचालक )**<br>बाबु : विर्ष बहादुर तामाङ<br>बाजे : धर्म तामाङ<br>ना प्र नं. १५९४<br>ठेगाना : मार्पाक -८, धादिङ |
| **४) नामः श्याम बहादुर तामाङ (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : मान बहादुर तामाङ<br>बाजे : गंगाराम तामाङ<br>ना.प्र.नं : ४४९६/१७३२६<br>ठेगाना : का.म.न.पा -२७ | **१०) नाम : हरिशरण पन्त (पुर्व संचालक)**<br>बाबु : रुद्र प्रसाद पन्त<br>बाजे : पदम प्रसाद पन्त<br>ना प्र नं. ५६९४१<br>ठेगाना :सरमथली -९, काभ्रे |
| **५) नाम : बाबुराम लोप्चन (लामा) (संचालक )**<br>बाबु : सिताराम लोप्चन (लामा)<br>बाजे : चन्द्रजित लोप्चन (लामा)<br>ना.प्र.नं : २३४३<br>ठेगाना : का.म.न.पा -१९ | **११) नाम : नर बहादुर तामाङ (कर्जा प्रमुख तथा जमानीकती)**<br>बाबु : सन्ते तामाङ<br>बाजे : मानदेव तामाङ<br>ना प्र नं. १४१५२<br>ठेगाना : तारकेश्वर -११, काठमाण्डौ |
| **६) नाम : बुद्धि बहादुर तामाङ (संचालक तथा जमानीकर्ता)**<br>बाब : नामगेल तामाङ<br>बाजे : लाल विर तामाङ<br>ना.प्र.नं : ५०३२<br>ठेगाना : सत्यदेवी -७, धादिङ | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरणः**
१. श्री नेशनल नमोबुद बचत तथा ऋण सहकारी संस्था लिको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. २९ को कित्ता नं. २८४ को क्षेत्रफल १६८.८९, को घर जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं. **००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोंगबु शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजीगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय गोंगबुमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थितीका लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

# कुमारीघरबाट चोरिएको सम्पदा बेलायतबाट फिर्ता ल्याइयो

**काठमाडौं (प्रस)**– पुरातत्त्व विभागले कुमारीघरबाट करिब २५ वर्ष अगाडि चोरिएको पुरातात्त्विक वस्तु तोरण बेलायतबाट नेपालमा फिर्ता ल्याएको छ । विभागले स्वदेशी तथा विदेशी सम्पदा अभियन्तासँग समन्वय गरी उक्त सम्पदा फिर्ता ल्याएको हो ।

मल्लकालीन समयमा निर्माण भएको उक्त सम्पदा वि.सं. २०५७ मा कुमारीघरबाट चोरी भएको थियो । बेलायतस्थित संग्रहालयमा फेला परेपछि सरकार, विभिन्न संस्था तथा विद्वानबीचको सहकार्यबाट नेपाल फिर्ता गरी सोही स्थानमा हालै प्रतिस्थापन गरिएको हो । प्रतिस्थापन अगाडि राष्ट्रिय संग्रहालयमा राखिएको थियो ।

अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि मुलुकको सम्पदा विश्वका अन्य देशमा रहेमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित मुलुकमा फिर्ता गर्नुपर्ने प्रावधानअनुसार सो सम्पदा ल्याइएको पुरातत्त्व विभागकी अधिकृत सरिता सुवेदीले जानकारी दिइन् । उनका अनुसार नेपालबाट चोरिएका विभिन्न मूर्तिहरू, कलावस्तु, सम्पदा विश्वका कुनै मुलुकमा फेला परेको सूचना प्राप्त भएपछि फिर्ताका लागि प्रक्रिया अघि बढाइन्छ ।

विभिन्न देशका संग्रहालय, लिलामी घर वा निजी संग्रहमा पुगेको सम्पदा फिर्ता गराउँदा सम्बन्धित मुलुकले ढुवानी खर्च व्यहोर्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय तहमा बसेका नेपाली समुदाय, सम्पदा क्षेत्रमा क्रियाशिल संघसंस्थाले पनि सहयोग गर्दै आएका छन् ।

काठमाडौं उपत्यकामा मध्यकालीन समयमा निर्माण भएका काष्ठकला, मूर्तिकला, प्रस्तरकला, वास्तुकलाका नमूना विशेषगरी विभिन्न मठमन्दिरमा सजिएका छन् । कला क्षेत्रको विकासमा गर्विलो इतिहास बोकेको सम्पदा संरक्षणले समग्र राष्ट्रको गौरव बढाएको अधिकृत सुवेदीले बताइन् ।


## कुवेतमा रोजगार

कम्पनी : LIVE LIFE RESTAURANT & CAFÉ CO. शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ चलानी नं.: ६०२४८१७९ LT.No.: 334584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 9 | 4 | स. काममा दक्ष | 130 | ६०,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## युएइमा रोजगार

कम्पनी : Alsarh Recruitment Sole Proprietorship L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334507 चलानी नं. ६०२४८१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 1000 | ३८,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८०१/०८२/०८३
FIVE STAR HUMAN RESOURCES PVT. LTD.
Chandol-04, Kathmandu, Nepal,
Email:- fivestarhumanresources2025@gmail.com, Phone No.: +977-1-4503100

## साउदीमा रोजगार

कम्पनी : Ziad Abdulrahman Al Sudiry Farm For Ariculture Production
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334444

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 3 | 0 | 1000 | ३८,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Badran Trading & Services Company Ltd
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334445 चलानी नं. ६०२४८१८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 2 | 0 | 1200 | ४५,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Seha Company For Health Care
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334446 चलानी नं. ६०२४८१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 8 | 0 | 1000 | ३८,०१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | कामदार आफैले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

## कुवेतमा रोजगार

कम्पनी : AL-THABAT HOLDING LLC
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334302 चलानी नं. ६०२४८११८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 5 | 120 | ५५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## कुवेतमा रोजगार

कम्पनी : KARAK HOUSE RESTAURANT
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334285 चलानी नं. ६०२४८१५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 5 | 150 | ६९,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

Fewa HR Solutions Pvt. Ltd.
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

## कुवेतमा रोजगार

कम्पनी : GOOD DAY RESTAURANT CO. शेवा शुल्क:१0,000
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 334332 चलानी नं. ६०२४८१२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LINE COOKS | 5 | 0 | 135 | ६२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BARISTA | 14 | 0 | 135 | ६२,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | कामदार आफै |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## साउदीमा रोजगार

कम्पनी : GOODIN GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०४/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 328159 चलानी नं. ६०२४२००१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SELLER | 1 | 0 | 1400 | ५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

## युएइमा रोजगार

कम्पनी : QUICK REACTION SECURITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०८०/१०/१५ पुन विज्ञाप स्वीकृति मिति : २०८२/०८/१५ LT. No. 298992 चलानी नं. ६०२१३९६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | communication assistant | 0 | 1 | 2000 | ७७,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 39 | 10 | 1200 | ४६,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Govt. License No. 1440/074/75
Samakhushi-26,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almighty.aims@gmail.com , Web: almightymanpower.com


Koshi Province Government
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate

## Infrastructure Development Office, Bhojpur

Bhojpur, Nepal

## Invitation for Bids

**First Date of Publication: 2082-08-16 (December 2, 2025)**

**Invitation of Bid No.: 04-082/83**

1. Infrastructure Development Office, Bhojpur invites electronic bids only from eligible bidders for following procurement of works:

| S. N. | Contract Identification Number | Project Name | Estimated Amount Including PS & VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/BHO/W/ NCB-27/082/83 | Construction Works of i) Salpasilichho gaupalika wada no.1, kulung Tukretar dekhi tallo ghale gaunako goreto bato nirman, Bhojpur<br>ii) Khelmaidan Stage of Birendra Ma.Bi. Kuklung Salpasilichho Ga.pa. 01,Bhojpur | 12,51,406.81 | 28,000.00 | 3000.00 |
| 2 | IDO/BHO/W/ NCB-28/082/83 | Upgrading Works of i) Yaksa Bajar Dekhi Mantherbu Gaun Hudai Wada Karyalay Bhawan Jodne sadak Nirman,Salpasiliccho Ga.pa. 04 Bhojpur<br>ii) Shadanand Na.Pa.02 Dangmaya Nagdah Sadak,Shadananad Na.pa.02, Bhojpur | 19,31,490.69 | 43,000.00 | 3000.00 |
| 3 | IDO/BHO/W/ NCB-29/082/83 | Construction Works of i) Gate Nirman of Khartamcha Ma.Bi. Khartamcha,Shadananda 03,Bhojpur.<br>ii) Santa mabi Nepale danda Shadanda na.pa 1 bidhyalaya trust vhaban nirman,Bhojpur<br>iii) sabitra ma.bi. Kudakkaule Shadananda 2, stage Nirman Bhojpur<br>iv) Bhumi devi Mandir jane goreto bato nirman sidhi Dhalan Falame Railing Nirman Tatha Mandir Parisar Samyaune karya Shadananda na.pa. Bhojpur | 38,62,026.97 | 86,000.00 | 3000.00 |
| 4 | IDO/BHO/W/ NCB-30/082/83 | Upgrading Works of i) Shadananda Nagarpalika Dingla Bajar Dekhi Jamune Baidhgaun Sadak,Bhojpur<br>ii) Dingla Bajar Dekhi Gadigaun Buspark Jane Sadak,Shadanand 07,Bhojpur<br>iii) Khadgi sewa samitiko nirmanadhin bhawan purnata shadananda na.pa. 7, Bhojpur | 22,20,972.26 | 50,000.00 | 3000.00 |
| 5 | IDO/BHO/W/ NCB-31/082/83 | Construction Works of i) Mahendraday Mabi boya Shadanand napa 14 Bidyalay vhawan tala thap Bhojpur<br>ii) Mahendradaya ma.bi. Mohoriya Shadananda 12, stage Nirman Bhojpur | 19,25,297.20 | 43,000.00 | 3000.00 |
| 6 | IDO/BHO/W/ NCB-32/082/83 | Upgrading Works of i)Panchgare - Sarkibhanjyang - Pipaldanda Sadak Nirman,Bhojpur<br>ii) DadaTol Tarbari hudai Rake Sadak Stornnoti Arun Ga.pa. 5 Bhojpur | 27,03,624.35 | 60,000.00 | 3000.00 |
| 7 | IDO/BHO/W/ NCB-33/082/83 | Upgrading work of i) Tiwribhanjyang Madhyamik Bidhalaya Hudai Nunthala Jodne Road, Bhojpur<br>ii) Pauwadungma gaupalika wada no.3 Chyangre pokhari Antarpalika jodne sadak stornnoti, Bhojpur | 14,47,803.25 | 33,000.00 | 3000.00 |
| 8 | IDO/BHO/W /NCB-34/082/83 | Construction Works of i) Ga.pa pingdanda dipsa kot gogane lekharkha wairaing kapase khewa hudai bhanjyang sadak, Bhojpur<br>ii) Temkemaiyung gaunpalika Wada no. 9 lekharkha kabhre dekhi wairaing jane sadak Track Open,Bhojpur<br>iii) Trishul Ganga Sadak Temkemaiyung Ga.Pa. 04,Bhojpur | 25,10,788.64 | 56,000.00 | 3000.00 |
| 9 | IDO/BHO/W/ NCB-35/082/83 | Upgrading Works of i) Bhojpur Nagarpalika Wada No. 03 Gupteshwor Balaute Chhoti Bajar Sadak Marmat,Bhojpur<br>ii) Saune Dekhi Dhalkebar Culvert Nirman,Bhojpur Na. pa. -03,Saune,Bhojpur<br>iii) Bhojpur Nagarpalika Wada No.03 Gupteshwor Kukum Bata Mulkhark Jane Sadak Track Open,Bhojpur<br>iv) Bhojpur Nagarpalika wada no. 4 Siddheshwar Sera khola Sabdahaghat jane sidhi Railing nirman,Bhojpur | 18,35,435.90 | 41,000.00 | 3000.00 |
| 10 | IDO/BHO/W/ NCB-36/082/83 | Upgrading Works of i) Bhojpur Nagarpalika wada no. 12 Moriya Rudramani Raiko gharchheu dekhi Dhankumari chautara samma goreto Bato sidhi nirman, Bhojpur<br>ii) Bhojpur Nagarpalika Wada no. 11, Amtek jimi gaun sadak khanda Bhojpur.<br>iii) Bhojpur Nagarpalika Wada No. 07 Hari Bahadur Mahatko Ghar Hudai Rangshala Sadak Dhalan,Bhojpur<br>iv) Paluwa Pakki Sadak,Bhojpur Na.pa. 06,Bhojpur | 25,10,575.34 | 56,000.00 | 3000.00 |

2. Purchase, Submission and Opening of the Bid:

| For NCB Contract: | | | |
|---|---|---|---|
| Submission of Bid | | Opening of Bid | |
| Date | Time | Date | Time |
| 2082/09/17 (January 1, 2026) | 12 Hrs. | 2082/09/17 (January 1, 2026) | 13 Hrs. |

| Bank Details | | | | |
|---|---|---|---|---|
| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
| Province Treasury Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 2040100202030000 (Pradesh Dharauti) | Office code 3370107011 |
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 1000200010000 (Rajswa) | 14229 (Revenue Code) |

3. Bid Security period shall be 30 days beyond bid validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMO's website http://www.bolpatra .gov.np.
4. If the last date of purchasing, submission and opening fall on a government holiday then the next working day shall be considered as the last day.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महिला हिंसाविरुद्ध बोलौं, न्यूनीकरणमा जोड दिऊ

पछिल्ला दिनमा धेरैजसो महिला हिंसा आफन्त र नजिककाबाटै हुने गरेको देखिएको छ । नेपाल प्रहरीको तथ्याङ्कले आफन्त र नाता पर्नेहरूबाटै महिला बढी हिंसामा पर्ने गरेका देखिएको हो । ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको छ । पछिल्ला दिनमा हिंसाका घटना बढ्नुमा उजुरी बढ्नु पनि हो । हिंसाका विविध कारण हुन्छन् । नेपालमा बढीजसो गरिबी, परनिर्भरताका कारण पनि यस्ता घटनाहरू बढिरहेका छन् । कतिपयले अझ डरत्रासका कारण प्रहरीसम्म पुग्न सकिरहेका हुँदैनन् । महिला हिंसाबाट कुनै उमेर समूह अछुतो देखिन्न । नातागोताबाटै हिंसा हुनु झनै चुनौतीपूर्ण विषय हो ।

समाजमा अहिले पनि महिला हिंसाबारे उजुरी परेमा उजुरी दिने महिलामाथि नै दोष लगाउने चलन छ । महिला आफैं नै दोषी होला, उसको मञ्जुरीबिना यस्तो कसरी हुन्छ, पुरुषलाई फसाउन खोजेका होलान् । यस्तै खाले आरोप लगाएर महिलामाथि हतोत्साहीत वातावरण निर्माण गर्ने गरिन्छ । खासमा खुला समाजमा यौन हिंसाका घटना कम हुन्छ । नेपालमा यौन शिक्षा, यसबारे सानैबाट शिक्षा दिने कुरामा कन्जुस्याइ गरिन्छ । किनभने यो लाजको विषय हो । यस्तो विषयमा बालबालिका निकै उत्सुक हुन्छन् । उनीहरूलाई यस्तो शिक्षा दिनबाट बञ्चित गरिन्छ । जसका कारण पनि यसलाई लाजको विषय बनाइन्छ । समाजमा देखिएको अर्को समस्या हो, कुनै घटना भएमा मेलमिलाप गर्न दिइने दबाब । जसका कारण यो विषय कानुनीको कठघरासम्म पुग्न पाउँदैन । यसले पीडकहरूलाई बल मिल्छ । कानुनी कठघरामा पुगेकाहरूलाई पनि न्यायोचित तवरले सजाय नदिँदा पीडितहरू मुख लुकाएर हिँड्नुपर्ने अवस्था छ ।

यस्ता विषयहरू अब विस्तारै न्यूनीकरण गर्दै लैजानुपर्छ । कोही हिंसामा परे पहिले त आफैले सहनु भएन । अर्को अरु हिंसामा परेको देखे त्यसलाई बाहिर ल्याउने र हिंसाको विरोधमा बोल्नुपर्छ । अहिले यस्ता विषय सार्वजनिक गर्ने अनेकन माध्यमहरू आइसकेका छन् । लाज वा व्यक्तिगत जीवनमा आँच आउने भए अनुहार वा नाम सार्वजनिक नगरी पनि हिंसाका घटनालाई बाहिर ल्याउन सकिन्छ । हिंसा सहनु हुन्न । यो लुकाउनु पनि हुन्न । जति सकिन्छ यसलाई न्युनीकरण गर्न हिंसामा परेकाहरू नै बाहिर आउनुपर्छ । जसले गर्दा पीडकहरू सचेत हुनेदेखि सम्भावित घटनासमेत रोकिन्छ । त्यसैले आजैबाट महिला हिंसाविरुद्ध आवाज उठाऔं, न्यूनीकरणमा जोड दिऊ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीमा जाने वैधानिक प्रक्रिया


विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## सन्दर्भः विश्व एड्स दिवस

# एचआइभी रोकथामका लागि रूपान्तरणकारी रणनीति



❑ झविन्द्र भण्डारी

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्व स्वास्थ्य संगठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ । प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाइन्छ । यो दिवसले एचआइभी/एड्सका बारेमा जनचेतना बढाउनेमात्र होइन, धेरै प्रभावित व्यक्ति, परिवार र समुदायहरूलाई कसरी रोकथाम, उपचार र सहयोग सुनिश्चित गर्ने भन्ने महत्त्वपूर्ण सवालमा सरोकारवालाहरूको ध्यानाकर्षण पनि गर्छ । एड्सबाट मृत्यु भएका व्यक्तिहरूको सम्झना गर्ने दिन पनि हो । यो वर्षको नाराले संक्रमितको आवाजलाई सम्बोधन गर्दै एड्सको रोकथामका प्रयासलाई रूपान्तरण गर्ने अभियानलाई विशेष जोड दिएको छ ।

एचआइभीको प्रकोप अझै सकिएको छैन । धेरै व्यक्ति, परिवार र समुदायहरू अझै पनि एचआइभी संक्रमणको जोखिममा छन् । युएनएड्सको प्रतिवेदनअनुसार सन् २०२४ को अन्त्यसम्म करिब नौ मिलियन एचआइभी संक्रमितहरूले उपचार पाएका छैनन् । सन् २०२४ मा १.३ मिलियन व्यक्तिहरू संक्रमित भएका थिए । राष्ट्रिय एड्स, तथा यौनरोग केन्द्रका अनुसार २०२४ को अन्त्यसम्म ३४ हजार ३३७ जना एचआइभी संक्रमित भएको अनुमान रहेको छ, जसमध्ये ७७ प्रतिशतले उपचार पाएका छन् । देशका ६४ जिल्लामा ९६ एआरटी केन्द्रबाट एन्टी रेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ । सन् २०२४ मा मात्रै ५६९ व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ । यो सन् २०१० को तुलनामा ८६ प्रतिशतले घटेको हो ।

### समन्वयात्मक प्रयासको खाँचो

नेपालको एचआइभी अवस्था केन्द्रीकृत महामारी हो । उच्च जोखिममा रहेका समूहहरू जस्तै लागुपदार्थको प्रयोग गर्ने यौनकर्मी, पुरुष समलिंगी तथा तेस्रोलिंगी यौनकर्मीमा एचआइभी संक्रमण बढी छ । अहिलेसम्मको तथ्यांक हेर्दा लागुपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशत, महिला यौनकर्मीमा २.२ प्रतिशत पुरुष समलिंगीमा ६.२ प्रतिशत, भारतमा काम गर्न जाने नेपाली कामदारमा ०.२ प्रतिशत रहेको छ ।

सरकारले सन् २०३० मा एड्सको महामारीलाई अन्त्य गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ । अन्य मुलुकहरूमा जस्तै नेपालले पनि एचआइभी नियन्त्रणका लागि महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । यसका लागि नीति, रणनीति र निर्देशिकाहरूको कार्यान्वयनले पनि यी उपलब्धिहरू हासिल भएका हुन् तर यी उपलब्धिलाई निरन्तरता दिन नेपालले पनि दिगो मार्गचित्रको संरचनात्मक खाका तयार गर्नुपर्ने देखिन्छ तर यसका लागि अझै पनि समन्वयात्मक प्रयास भएको छैन ।

अतिकम विकसित देशमा एचआइभी रेस्पोन्स अझै पनि जोखिममा छ किनकि उच्च जोखिममा परेका समूहहरूमा रोकथाम, परीक्षण, उपचार र आधारभूत स्वास्थ्य सेवाहरू पर्याप्त छैनन् । समुदायकै नेतृत्वमा सञ्चालित एचआइभी सेवा पनि अन्तर्राष्ट्रिय रूपमै बजेट कटौतीका कारण रोकिने अवस्थामा छन् । यसले गर्दा स्वास्थ्य सेवामा पहुँच, मानवअधिकार, लैंगिक समानता, समावेशिता, समता, सामाजिक न्यायजस्ता सवालहरू ओझेलमा पर्दै छन् । अनि सीमान्तकृत र प्रभावित समूहहरू थप वञ्चितीकरणमा पर्ने जोखिम बढ्छ ।

एचआइभी रेस्पोन्सका लागि बाहय दातृ निकायमा निर्भर रहने परम्पराले पनि यति छिट्टै उल्लेख्य बजेट कटौती भएपछि एचआइभी कार्यक्रमहरूको निरन्तरता र दिगोपनमा थप संकट र चुनौती थपिएको छ । यो परिस्थितिको सामना गर्न राज्यले आन्तरिक बजेट बढाउनुपर्ने, एचआइभी कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरूसँग साझेदारी बढाउने र स्थानीय नागरिक समाज एवं उच्च जोखिममा परेका समूहहरूको क्षमता अभिवृद्धिलाई संस्थागत गर्नुपर्ने देखिन्छ । यसका लागि एचआइभी सेवालाई समावेशी, एकीकृत र जनकेन्द्रित स्वास्थ्यको मोडेलमा रूपान्तरण गर्न जरुरी छ ।

दिगो रोकथामका लागि स्वास्थ्यबाहेकका अन्य शिक्षा, सहरी विकास, श्रम तथा रोजगार. बालबालिका, महिला, सामाजिक संरक्षणलगायत क्षेत्रमा समन्वय र सहकार्य बढाउनुपर्ने देखिन्छ । बहुक्षेत्रीय समन्वयले नै एचआइभी रोकथामको माग र सेवाको कभरेज बढाउन उल्लेख्य सहयोग गर्छ । केही क्षेत्रीय र अन्तर ाष्ट्रियस्तरबाट प्राप्त अनुभव र सिकाइबाट स्थापित भएका रोकथाम, परीक्षण र उपचारका नयाँ प्रविधि र अभ्यासहरूलाई पनि कार्यान्वयन गर्नुपर्ने देखिन्छ । दक्षिण पूर्वी एसियाका देशहरू जस्तैः थाइल्याण्ड, कम्बोडियाका एचआइभी रेस्पोन्सका कार्यक्रम सफल मानिन्छन् । ती अभ्यासहरूलाई नेपालले पनि अनुशरण गर्न सक्छ तर यी नयाँ प्रयासहरू पर्याप्त जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा अपेक्षा गरेअनुरूप स्थानीय तहमा प्रभावकारी रूपमा विस्तार हुन सकेका छैनन् ।

एचआइभी संक्रमित व्यक्तिलाई उपचार सेवामा पहुँच बढाउन प्रदेश र स्थानीयस्तरमा परीक्षण, परामर्श र प्रेषण सेवालाई उच्च प्राथमिकतामा राखिएको छ । एचआइभी एड्सकाबारेमा जनचेतना बढे पनि दुर्गम क्षेत्रमा संक्रमित व्यक्ति र उनीहरूको परिवारले स्थानीय संस्थाहरूमा पाउनुपर्ने गुणात्मक उपचार, परामर्श सेवा र सहयोग उपलब्ध छैनन् । कतिपय स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ति, औषधि र प्रयोगशालाको अभावले गर्दा एचआइभी सेवाहरू प्रभावित भएका छन् । एचआइभी सेवाको प्रवाहमा असमानतामा घटाउँदै समुदाय र स्वास्थ्य प्रणालीलाई अझ बढी समावेशी, उत्थानशील र दिगो बनाउने दिशामा नयाँ राष्ट्रिय एचआइभी रणनीतिले स्पष्ट मार्गचित्र दिने अपेक्षा गरिएको छ । त्यसैले एचआइभी रोकथामका लागि उच्च राजनीतिक प्रतिबद्धता, स्पष्ट राष्ट्रिय कार्ययोजना र आवश्यक प्राविधिक स्रोत सुनिश्चित गर्न आवश्यक छ ।

### थपिँदो चुनौती

पहिलेदेखि नै राष्ट्रिय एचआइभी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन र अनुगमन गर्न अन्तर्राष्ट्रिय साझेदार संस्थाले प्राविधिक सहयोगमा निरन्तरता दिँदै आएका थिए । यो सहयोगले एचआइभी सेवामा जोखिम समूहको पहुँच बढाउन उल्लेख्य सहयोग पुगेको देखिन्छ । तर अहिलेका सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमै बजेट कटौतीले गर्दा दातृ निकायको आर्थिक र प्राविधिक सहयोग उल्लेख्य रूपमा घटेको छ । यो चिन्ताको विषय हो किनकि एचआइभीका सेवालाई कसरी निरन्तरता दिने भन्ने विषय अहिले मुख्य सवाल बनेको छ । यो परिवेशमा राष्ट्रिय र स्थानीयस्तरमा नागरिक समाजका सञ्जालमार्फत सञ्चालित एचआइभी रोकथाम र उपचार सेवा अझ बढी परिणाममुखी बनाउन उनीहरूको सहभागिता र क्षमता अभिवृद्धि सुनिश्चित गर्न जरुरी देखिन्छ ।

अर्कोतिर उच्च जोखिममा रहेका समूहहरूको यौनरोग, एचआइभी रोकथाम र उपचार सेवामा सहज पहुँचका लागि सूचना, सञ्चार र परामर्श सेवालाई विस्तार गर्न जरुरी छ । उनीहरूको सुरक्षित जीवनशैलीका लागि व्यवहार परिवर्तनमा जोड दिने कार्यक्रम बढी प्रभावकारी भएका छन् । समुदायस्तरमा उपलब्ध एचआइभी रोकथाम र उपचार सेवाको नतिजामूलक अनुगमन र सहभागितामूलक मूल्यांकन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित रोकथामका रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ ।

यीबाहेक उपलब्ध स्रोतको पारदर्शिता, समतामूलक वितरण र परिचालनमा थप सुधार गर्नुपर्छ । गुणात्मक एकीकृत एचआइभी सेवाको निरन्तरता सुनिश्चित गर्न आन्तरिक स्रोत परिचालन पर्याप्त रूपमा बढाउन सकिएको छैन । त्यसैले एचआइभी कार्यक्रमको बजेट तर्जुमा र योजना प्रक्रियामा प्रादेशिक र स्थानीय सरकारको क्षमता बढाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्नुपर्छ । यसले राष्ट्रिय अपनत्व पनि बढाउँछ ।

### बहुक्षेत्रीय समन्वय र सहकार्य

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्व स्वास्थ्य संगठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ । एचआइभी संक्रमित बालबालिकाका लागि आवश्यक पर्ने शिक्षा स्वास्थ्य र पोषणका लागि सामाजिक संरक्षणका कार्यक्रम अझै पनि सीमित छन् । प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

एचआइभी/एड्स जनस्वास्थ्यको मात्र सवाल होइन, यो दिगो मानवीय विकास दिगो विकाससँग जोडिएको महत्त्वपूर्ण चुनौती हो । त्यसैले यसको समाधानका लागि सबैको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । स्रोतको अभावले प्रभावित व्यक्ति, परिवार र समुदायले थप संकट भोग्नुपर्ने अवस्था हुनु विडम्बना हो । तसर्थ राज्यले बनाउने एचआइभी/एचआइभी रणनीतिले बलियो राजनीतिक प्रतिबद्धतासहित समावेशी र जनकेन्द्रित पद्धतिलाई प्रवर्द्धन गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्ने देखिन्छ । एचआइभीसँग जोडिएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र संरचनागत असमानता न्यूनीकरण गर्न समुदायको अर्थपूर्ण सहभागिता सुदृढ गर्दै अधिकारमा आधारित बहुक्षेत्रीय समन्वय र सहकार्य अपरिहार्य छ । *रासस*

**(लेखक जनस्वास्थ्य परामर्शदाताका रूपमा कम्बोडिया र लाओसमा कार्यरत छन्)**




✍ बैकुण्ठ भण्डारी



# न्यायको खोजीमा भेनेजुएला !

शक्ति पछाडि सबै जना दगुर्छन् भने जस्तै अहिले अमेरिकाको पछाडि सबै कुदिरहेका छन् । नकुदुन् पनि किन ऊ सँगै सबै थोक छ । प्रजातन्त्र र मानवअधिकारको ठूलो कुरा गर्ने अमेरिका आफ्नो साम्राज्य फैलाउन कमजोर राष्ट्रमाथि सामन्त जस्तै बनिरहेको छ ।

कहिले युक्रेनलाई उचालेर रुससँग लडाउँछ । कहिले भेनेजुएला, क्युबा, मेक्सिको, कोलम्बिया, पानामा लगायतका देशलाई आफ्नो मुट्ठीमा पार्न खोज्छ । आफूलाई सँधै शक्तिशाली राष्ट्र बनाउनका लागि आफ्नो देशभन्दा बाहिर उसलै कहि पनि प्रजातन्त्र देख्दैन । अरु देशमा मानवअधिकार नै छैन भन्ने सन्देश प्रवाह गरिरहेको हुन्छ ।

केही साता अघिदेखि अमेरिकाले छिमेकी देश भेनेजुएलाका राष्ट्रपतिको मूल्य तोक्नुले उसले मानव अधिकारको रक्षा कति गरिरहेको छ भन्ने कुराको पनि पुष्टि गरिदिएको छ । वरपरका प्राकृतिक रूपमा बलिया र धनी देशहरूलाई आफू अनुकूल चलेनन् भने एउटा न एउटा बहानामा लडाईदिने काम गर्दै आइरहेको आरोप पनि लागेको छ ।

पछिल्लो समय भेनेजुएलामाथि जुन किसिमको त्रास अमेरिकाका राष्ट्रपतिले देखाइरहेका छन् । त्यसले मानव अधिकार र न्यायका लागि अरुलाई एकजुट बन भन्ने सन्देश पनि दिइरहेको छ । अमेरिकाको साम्राज्यवादलाई साना राष्ट्रहरू क्रमश एक भए भने के होला ?

रुस र युक्रेनको युद्धले युक्रेनलाई निकै नै क्षति तुल्याएको छ । अमेरिकाको भरोसा रुससँग लडिरहेको युक्रेन आफ्नो अस्तित्व नै रहन्छ कि रहँदैन भन्ने अवस्थामा पुगिसकेको छ । युक्रेनलाई अमेरिकाले मज्जाले रुससँग भिडाइरहेको छ । युक्रेनसँग भएको श्रोत साधन विस्तारै रित्तिसकेको छ । प्राकृतिक श्रोत र उत्पादन तहसनहस भइसकेको छ । अब युक्रेन हिजो कै अवस्थामा पुग्न वर्षौ लाग्ने देखिन्छ भने आफ्नो भूमि पनि उसले गुमाउनु पर्ने अवस्था रहेको छ ।

त्यही भएर होला तेलखानीको महत्वपूर्ण देश भेनेजुएलामाथि पनि अमेरिकी सत्ताले विभिन्न खालको हस्तक्षेप गरिरहेको छ । कतिपय दृश्य रूपमा त कतिपय अदृश्य रूपमा भेनेजुएलालाई आफ्नो कब्जामा पार्ने प्रयासमा ट्रम्प सरकार लागिरहेको छ । तेस्रो कार्यकालका लागि राष्ट्रपति शासन हाँकिरहेको भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई पक्राउ गर्न मद्दत गर्नेलाई ५ करोड डलर पुऱ्याउनुले अमेरिकाले भेजेनुएलामा माथि आफ्नो आधिपत्य जमाउने प्रयत्न गरेको संकेत पनि दिएको छ ।

त्यत्तिमात्र कहाँ हो र ? यसै हप्ता टम्पले भेनेजुएलाको आकाशमा कुनै पनि अन्तर ाष्ट्रिय उडान नउडाउन चेतावनी दिएका छन् । जसले कुनै पनि देशका नागरिकहरूको हिँड्डुल गर्न पाउने अधिकारलाई समेत पूर्ण रूपमा बञ्चित गराउने प्रयास देखिन्छ । यसले मानवअधिकारमाथि हनन् भएन र ?

क्यारबियन क्षेत्रमा अमेरिकाले युद्धपोत परिचालन गरेपछि यसले युद्ध निम्त्याउन खोजेको आरोप नलागेको होइन । केही समयअघि क्यारवियन क्षेत्रमा कुदिरहेका जहाजमाथि अमेरिकाले आक्रमण गरेपछि अमेरिकी नागरिकहरू नै राष्ट्रपति ट्रम्पका विपक्षमा उभिएका थिए ।

इजरायल र गाजाको लडाँईमा पनि अमेरिकाले नै इजरायललाई उकास्ने काम गरेको आरोप लाग्दै पनि आएको छ । भेनेजुएलाको वर्तमान सत्ता ढाल्न पाए र विगतमा अमेरिकासँग नजिक भएकालाई सत्तामा ल्याएर भेनेजुएलामाको खनिज आफ्नो कब्जामा पार्न पाए हुन्थ्यो भन्नेमा नै अमेरिका रहेको बुझिन्छ ।

शक्ति छ भन्दैमा जे पनि गर्न छुट सायद अमेरिकालाई मात्र छ जस्तो गरिरहेका छन् ट्रम्पले । तर त्यसो नहुने पनि सक्छ । अहिले सबै कुराले अमेरिका आफूलाई हात्ती नै सम्झिरहेको छ । साना देशहरूमा आफ्नो बर्चश्व राख्ने, नभए राजनीतिक अस्थिर बनाइरहने र त्यसको फाइदा कुनै न कुनै रूपमा लिने उसको दाउ पनि छ । अहिले युक्रेनलाई मात्र हेर्ने हो भने पनि यो अवस्था अमेरिका कै कारणले भएको हो । तर अमेरिकाले भेनेजुएला, क्युबा, मेक्सिको, कोलम्बियालाई जुन किमिसले हेरिरहेको छ त्यही हिसावले यी राष्ट्रहरू एक भएर अमेरिकाको विपक्षमा खनिए भने । हात्तीलाई पनि कमिलाले कसरी ठीक पार्छ भने जस्तै हुन बेर छैन ।

भेनेजुएला आफ्नो न्याय, आत्मनिर्भरताका लागि संघर्ष गरिहरको छ । राष्ट्रपति निकोलस अमेरिकासँग झुक्न चाहँदैन । त्यसैले पनि उनलाई लागूपदार्थको ओसारपसारमा संलग्न भएको आरोप लगाएर बदनाम गर्ने काम अमेरिकाले गरिरहेको भनिन्छ । अमेरिकाले क्यारेबियन क्षेत्रमा सैन्य बृद्धिलाई भेनेजुएला सहज रूपमा लिएको छैन । अमेरिकाले चलाएको सैन्य गतिविधि भनेको राष्ट्रपति निकोलस मादुरोलाई जसरी पनि सत्ताबाट हटाउने मूल उदेश्य हो भन्ने कुरा भेनेजुएलाले बुझेको पनि छ ।

भेनेजुएलामाथि यति सारो अन्याय हुँदा पनि थोरै राष्ट्रहरूले मात्र सहयोग दिइरहेका छन् । हुन त रुस, उत्तर कोरिया लगायतका देशहरूले अमेरिकाको दम्भलाई चिर्न भेनेजुएलालाई सहयोग नगरेको पनि होइन । यसैगरी अन्य देशहरूले पनि भेनेजुएलामा माथि भएको अन्यायका विपक्षमा उभिएर अमेरिकामाथि औला ठड्याउन थाले भने त्यसले अमेरिकालाई नै ठूलो क्षति हुन सक्छ भन्ने बुझाई अमेरिकन राजनीतिज्ञहरूको पनि छ ।

तर राष्ट्रपति ट्रम्पका विपक्षमा कोही बोल्न सकिरहेका छैनन । अहिले भेनेजुएलामाथि अमेरिकाले गर्न थालेको ज्यादतीका विरुद्ध अन्य राष्ट्रहरूसँग सहयोग त पक्कै नै भेनेजुएलाले चाहिरहेको छ । तर उसले चाहे जस्तै कतिपय राष्ट्रले खुलेर सहयोग गर्न सकिरहेका छैनन् । आफ्नो राष्ट्रको आकाशमा अन्तर्राष्ट्रिय उडानसमेत बन्द गर्न लगाउने अमेरिकन सरकारको सामन्तवादका विरुद्ध भेनेजुएला एक्लै लडिरहेको छ । तर भित्री रूपमा धेरै राष्ट्रहरू यसको साथमा छन् ।

कमिलाको ताँती जस्तै अमेरिकाबाट प्रताडित बनेका राष्ट्रका नागरिकहरूले स्वस्फूर्त रूपमा आफ्नो देशमा भेनेजुएलाको न्यायका लागि आवाज उठाउन थाले भने के होला ? अहिले अमेरिकाको मात्र रामराज्य नचल्ला ! अमेरिकाले भेनेजुएलाजस्तै गरी धेरै राष्ट्रको मन कुँडाउने काम त गरेको छ । त्यसका विपक्षमा नारा लाग्न थाल्यो भने अमेरिकाले के गर्ला ?

भेनेजुएलाको राष्ट्रपति निकोलस मदुरोको सत्ता परिवर्तनका लागि मात्र अमेरिकाले सैन्य गतिविधि बढाएको हो भन्ने कुरामा दुइमत छैन । त्यस कारण विश्वको कुनै पनि राज्यले न्यायका लागि संघर्ष र विद्रोह गर्न सक्छ । आफ्नो स्वाधीनता र राष्ट्रिय स्वार्थका लागि जस्तो सुकै मूल्य पनि चुकाउन पछि पर्दैनन् । सायद न्यायको खोजी गर्दैगर्दा भेनेजुएलाले पनि अमेरिकी ट्रम्प सरकारविरुद्ध मोर्चाबन्दी गऱ्यो भने के होला ? न्याय नपाएको, अमेरिकाले आँखा लगाएको भेनेजुएलाले पक्कै पनि उसलाई भुसको आगो जस्तै सल्काउन सक्छ । त्यसैले भेनेजुएलामा माथि अमेरिकन अन्यायको अन्त्य होस् ।

# एक हजार ८०० मिटर सडक आठ वर्षदेखि अलपत्र

**राँझा (बाँके)**– बाँकेको खजुरा बजारमा निर्माणाधीन एक हजार ८०० मिटर चारलेन सडक विगत आठ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ। २०७४ चैत २९ गते गजुरमुखी कन्स्ट्रक्सन कम्पनी प्रालि इलामसँग बाँकेको खजुरा बजारमा एक हजार ८०० मिटर र बर्दियाको गुलरियामा दुई हजार २०० मिटर लम्बाइको सडक निर्माणका लागि २१ करोड ४९ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

सम्झौता सुरु हुँदा २०७७ चैतमा सम्पन्न हुनुपर्ने भए पनि पटक-पटक म्याद थप गर्दासमेत ठेकेदार कम्पनीको लापरवाहीले सडक निर्माणको काम हुन नसकेको खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले बताए । पुरानो निर्माण व्यवसायीबाट काम सम्पन्न नभएपछि स्थानीय बासिन्दा, जनप्रतिनिधि र गाउँपालिकाको मागका आधारमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जले ठेक्का सम्झौता रद्द गरी उक्त सडक निर्माणका लागि नयाँ ठेक्का आह्वान गरेको छ।

पुरानो निर्माण व्यवसायीले काम सम्पन्न गर्न नसक्ने देखिएपछि ठेक्का सम्झौता रद्द गरेर नयाँ प्रक्रिया अघि बढाइएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख डिभिजनल इञ्जिनियर लीलाबहादुर भण्डारीले बताए।

सडक डिभिजनले ठेक्का प्रक्रिया तोडेपछि निर्माण व्यवसायी अदालत गएकोमा अदालतबाट अन्तरिम आदेश जारी नभएपछि स्थानीयको मागअनुसार हुलाकी सडक आयोजनाले सडक निर्माण कार्य अघि बढाउने चासो लिएको उनको भनाइ छ। उनका अनुसार खजुरा खण्डमा बाँकी रहेको सडक निर्माणका लागि करिब १० करोड रूपैयाँको लागत लाग्ने अनुमानसहित ठेक्का आह्वान गरिएको छ। नेपालगञ्ज-गुलरिया सडक विस्तार र खजुरास्थित पेडारी नालामा चार लेनको पुल निर्माण प्रक्रिया अघि बढेसँगै अलपत्र सडक निर्माणमा हुलाकी सडक आयोजनाले विशेष चासो देखाएको हो। बाँकेको खजुरा बजार र बर्दियाको सदरमुकाम गुलरियामा अधुरो रहेको दुई हजार २०० मिटर सडक गरी दुवै सडक नयाँ प्रक्रियाबाट छ महिनाभित्र काम सम्पन्न गर्नेगरी लागिपरेको उनको भनाइ छ।

हुलाकी राजमार्गले नेपालगञ्ज-गुलरिया चार लेन सडकको काम गरिरहेकाले त्यसको बीचमा अलपत्र परेको खजुरा सडक पनि निर्माण गर्ने प्रक्रिया अघि बढाएको हो । नयाँ ठेक्का सम्झौताअनुसार सडकको बाँकी काम आगामी असार १५ गतेभित्रै सम्पन्न गरिसक्नुपर्ने लक्ष्य राखिएको छ । यससँगै अब खजुरा बजारका स्थानीय बासिन्दाको लामो समयदेखिको अधुरो सडक निर्माण हुने अपेक्षा बढेको खजुरा गाउँपालिकाका अध्यक्ष विकले बताए । *रासस*

# रुरुक्षेत्रका सबै स्वास्थ्य संस्थामा ल्याब सेवा

गुल्मी (प्रस)– रुरुक्षेत्र गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालन गरिएको छ। वडा नम्बर ३ मा रहेको थानापति स्वास्थ्य चोकीमा ल्याब सेवा सञ्चालन गरेसँगै रुरुक्षेत्रका छ वटै वडाका नागरिकको पहुँचमा ल्याब सेवा पुगेको हो।

ल्याब सेवा सञ्चालनका लागि प्रत्येक स्वास्थ्य चोकीमा एक/एक ल्याब टेक्निसियनको दरबन्दी थप गरिएको छ। ल्याब सेवा सुरू भएपछि स्थानीयलाई रगत, पिसाब, हर्मोनलगायतका रोगको परीक्षण गर्न रिडी वा श्रृंगा अस्पताल जानुपर्ने बाध्यता अन्त्य भएको छ । त्यसैगरी गर्भवतीलगायत अन्य बिरामीको रगत परीक्षण, रगत ग्रुपको पहिचान लगायतका सेवामा सहज भएको गाउँपालिकाले जनाएको छ।

स्वास्थ्य चोकीबाट यसभन्दा पहिले खोप सेवा, गर्भवती जाँच, परिवार नियोजन, सर्ने तथा नसर्ने रोग, सरकारले तोकेका औषधिको उपलब्धतालगायतका सेवा प्रदान हुँदै आएको थियो । गाउँपालिका अध्यक्ष यदु ज्ञवालीका अनुसार स्वास्थ्य क्षेत्रमा रुरुक्षेत्र अब्बल बन्दै गएको छ।


## बिमालेख हराएको सूचना

मिति २०८२/०७/०३ गते इमाडोलबाट पुलचोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**विमितको नाम : धनमन्ति देवी**
**बिमालेख नं.: १००१२१२८३**
**विमितको नाम : रामबिलाश शाह तुराहा**
**बिमालेख नं.: १००१२१२८५**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२४७**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०८।१२ गते काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं.८ नेपाल मेडिकल कलेज नजिक पार्किङ गरिराखेको कालो रङ्को होण्डा साइन २२० सि.सि. पल्सर मोटरसाइकल दिउँसोको अन्दाजी १२:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : मंगले तामाङ**
**बाइक नं.: बा.प्र. ०३-०२-०११ प ४२८१**
**च्यासिस नं.: MD2A13EYOKCD86287**
**इन्जिन नं. : DKYCKD71652**
**ठेगाना : का.जि.गोकर्णेश्वर-६, विपुलचोक**
**सम्पर्क नं. ९८६६४२५५५६**



## कुवेतमा रोजगार

कम्पनी : WHITE SOUL LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334599 | चलानी नं. ६०२४८१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 3 | 150 | ६९,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 3 | 150 | ६९,६७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np



## ओमनमा रोजगार

कम्पनी : Al-Sadan for Trade and Business

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334308 | चलानी नं. ६०२४८१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Flower Designer | 0 | 1 | 150 | ५५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४५१/०६०/६१
**HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.**
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com



## ओमन/बहराइनमा रोजगार

कम्पनी : IDEAL GOOD TRADING

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334241 | चलानी नं.६०२४८०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIR STYLIST FEMALE | 0 | 1 | 200 | ७४,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASHRAKAT BEAUTY SPA

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334242 | चलानी नं. ६०२४८०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/GEneral Beautician | 0 | 4 | 150 | ५७,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९



## युएइमा रोजगार

कम्पनी : Chois Nexus Property Care Co LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334490 | चलानी नं. ६०२४८१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 10 | 0 | 1000 | ३८,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०
**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : SCORPION FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334368 | चलानी नं. ६०२४८१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 45 | 0 | 1700 | ५८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २४ गते (9th Dec. 2025) मा हुनेछ ।**
**पृथ्वी चोक, कास्की -९, पोखरामा मिति: २०८२ मंसिर २५ गते (10th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२६४/०७४/०७५
**ALL RAHIM MANPOWER PVT. LTD.**
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal Tel: 014544419 / 014544429, Mob. 9851141406, 9803922236,
Branch Office Prithibi Chowk, 9, Kaski, Pokhara, Mob: 9820073925,
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



बागमती प्रदेश सरकार

**वन तथा वातावरण मन्त्रालय**

**वन निर्देशनालय**

**भू तथा जलाधार व्यवस्थापन कार्यालय**

**रामेछाप बजार, रामेछाप**

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०८।१६**

यस कार्यालय मार्फत संचालित नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना (Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal Project) अन्तर्गत आ.व. २०८२/०८३ स्वीकृत कार्यक्रम अनुरूप तपसिल बमोजिमका परामर्श सेवा खरिद गर्नु पर्ने भएकाले इच्छुक, योग्य र भ्याटमा दर्ता भएका परामर्शदाताहरूले मिति २०८२/०९/०१ कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत कार्य क्षेत्रगत शर्त (ToR) बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा (https://mofe.bagamati.gov.np/) र परियोजनाको वेबसाइट (https://mawrin.bagamati.gov.np/) मा रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**:

१. नगरपालिका र गाउँपालिकाका योजना र नीतिहरूको पुनरावलोकन गर्दै, स्थानीय जलवायु जोखिम र संकटासन्नताको जानकारीलाई आधार बनाई, जलवायु परिवर्तन अनुकूलनका विषय र आवश्यकताहरु पहिचान ।
२. जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको परिचालन प्रक्रिया, संरचना, काम र जिम्मेवारीहरूको लागि निर्देशिका तयार ।
३. जनजाती तथा स्थानीय समुदायका लागि उपयोगी लैंगिक मैत्री र जलवायु परिवर्तन अनुकूलनका उपयुक्त औजार र प्रविधिहरु अध्ययन ।
